सार्वजनिक निकायमा तपाईले दिएको निवेदनमाथि भई रहेको कारवाही सम्बन्धी सूचना माग गर्ने

# निवेदनको ढाँचा

**श्री सूचना अधिकारी,**
**वैदेशिक रोजगार विभाग, तिनकुने, काठमाडौं ।**

**विषय : सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत सूचनाको माग ।**

मैले त्यस विभागमा मिति ........................ मा ............................ विषय/कामका लागि निवेदन दिएको थिएँ । मेरो सो निवेदनमाथि अहिलेसम्म सन्तोषजनक कारवाही नभएको हुँदा कृपया मलाई निम्नलिखित सूचना उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

१. मेरो निवेदनमाथि अहिलेसम्म के के कारवाही भयो ? कुन मितिमा के गरियो ?

२. मेरो निवेदन कुन कर्मचारी वा पदाधिकारी कहाँ पुग्यो ? कुन पदाधिकारीको जिम्मा कति दिनसम्म मेरो निवेदन रह्यो ? सम्बन्धित पदाधिकारीहरुले मेरो निवेदनमाथि के कारवाही गरे ? ती सबै पदाधिकारीहरुको नाम, पद र फोन नम्बरको जानकारी दिनुहोला ।

३. तपाईको विभागको नियम, निर्देशिका वा नागरिक वडापत्र अनुसार मेरो निवेदनमाथि कति समयभित्र कारवाही हुनुपर्छ ? त्यो नियम, निर्देशिकाको नक्कल प्रति उपलब्ध गराईदिनु होला ।

४. उक्त नियम, निर्देशिका पालना नगर्ने पदाधिकारीमाथि आफ्नो पदीय दायित्व पूरा नगरेकोमा कारवाही हुने व्यवस्था छ कि छैन ? मेरो निवेदनको सम्बन्धमा नियम, निर्देशनको उल्लङ्घन भएको छ कि छैन ? भएको छ भने कुन नियम र निर्देशनअनुसार कस्तो कारवाही हुन्छ, त्यो निर्णय पाउँ ।

५. सम्बन्धित पदाधिकारीहरुले दायित्व पूरा नगर्नाले शारीरिक र मानसिक पीडा भोग्नु परेको छ । यो पीडाको लागि सम्बन्धित पदाधिकारी जिम्मेवार छ कि छैन र छ भने त्यसका लागि दण्ड सजायको कानूनी के व्यवस्था छ त्यो कानूनको बारे जानकारी पाउँ ?

६. मेरो निवेदनमाथि कहिलेसम्म कारवाही हुन्छ र मेरो माग/समस्या कहिलेसम्म पूरा/समाधान हुन्छ ? माथि माग गरिएको सूचना पाउँ ।

**निवेदक**

सही : .........................

नाम : .........................

ठेगाना : .......................

मिति : .........................